# कमल बुलेटिन

वर्ष : ३ अङ्क : ३ आषाढ-२०७८



गाउँसभालाई सम्बोधन गर्दै अध्यक्ष मेनुका काफ्ले






## विकासको बाटोमा कमल

# स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया र ध्यान दिनु पर्ने पक्ष



**लेखक प्रमुख प्रशासकीय अधिकृत**
**सुवास श्रेष्ठ**
**कमल गाउँकार्यपालिका झापा**

नेपालको संवधिानले संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग पनि तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक आय व्यय विवरण आ आफ्नो सभामा पेश गरि पारित गराउनु पर्ने संबैधानिक सुनिश्चितता प्राप्त छ ।

संविधानतः संघीय सरकारले संविधानको धारा ११९ मा व्यवस्था भए अनुसार प्रत्येक वर्षको जेष्ठ १५ गते संसदमा राजश्व र व्ययको अनुमान (बजेट) पेश गर्नु पर्ने बाध्यकारी व्यवस्था छ । त्यस्तै संविधानको धारा २०७ मा प्रदेश सरकारले प्रदेश सभामा आगामि आ.व.को बजेट पेश गर्नु पर्ने व्यवस्था गरेको छ भने संविधानको धारा २३० मा गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम आफ्नो सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उल्लेखित संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ व्यवस्था गरि सो ऐनको दफा ७१ मा असार १० गते भित्र सभामा बजेट पेश गरिसक्नु पर्ने कानूनी व्यवस्था गरेको छ भने १५ दिन भित्र कार्यतालिका बनाई छलफलको काम सम्पन्न गरि असार मसान्त भित्रमा पारित गरिसक्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

विशेष गरि नागरिकहरुको सबै भन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय तहको बजेट तर्जुमा कार्यमा आम स्थानीय सरोकारवाला व्यक्तिहरु, नागरिक समाज, स्थानीय संघ, सस्था, स्थानीय बुद्धिजीवी एवं स्थानीय राजनैतिक दलको महत्वपूर्ण चासो र निगरानी हुने

गर्दछ । स्थानीय तहमा बजेट कस्तो बन्यो भन्दा पनि बजेट कसरी बनिरहेको छ भन्ने विषयमा आम नागरिकको ध्यान केन्द्रीत हुने बिषय रहेछ । बजेट तर्जुमाको क्रममा नागरिकको सहभागीता कसरी गराईयो, सामाजिक समावेशीताको सुनिश्चिता, सामाजिक न्यायको समान वितरणको अवस्था, दिगो विकासको कार्यान्वयन, समतामूलक समाजको निर्माण, सुशासनमा प्रतिवद्धता, सेवा सुविधा वितरण र प्राप्तीमा नागरिकको सहज पहुँच, स्थानीय श्रोतको उपयोग, व्यवस्थित कर प्रशासन र सो को सुदृढीकरण, पूर्वाधार विकासमा तेरो वा मेरो जस्ता विषयमा जनप्रतिनिधीको प्रतिबद्दता जस्ता विषयहरु कसरी समेटिए भन्ने कुरालाई मुख्य रुपमा हेरिएको देखिन्छ ।




उल्लेखित कुराहरु नै स्थानीय तहको बजेट निर्माणका मुख्य मुद्धाहरु हुन यीनै विषयहरुलाई सम्बोधनका लागि संविधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भै कार्यान्वयनमा छ जसले योजना तथा बजेट निर्माणमा मार्गदर्शन गरेको छ, भने आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ ।

त्यस्तै स्थानीय सरकार सन्चालन ऐन २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्तरुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) समेत जारी भै कार्यान्वयनमा छ । यी नै कानूनी आधारहरुलाई टेकेर स्थानीय तहले आफ्नो क्षमता अनुरुप देहायको चरणहरु पुरा गरि वार्षिक योजना बजेट तर्जमा गर्न पर्ने कानूनी व्यवस्था गरेको छ ।

**योजना तर्जुमा चरणहरु**

## १. बजेटको पूर्व तयारी (चरण एक)

गाउँपालिका वा नगरपालिकाले आगामि आ.व. का लागि आवश्यक पर्ने आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण राजश्व परामर्श समिति, बजेट तथा श्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरि पुष मसान्त भित्रमा तोकिएको ढाँचामा अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने छ । यसैको सुरुवात सँगै स्थानीय तहको बजेट प्रक्रिया सुरु हुने गर्दछ ।

संङ्घीय सरकारबाट सबै स्थानीय तहलाई राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत आगामी वर्षका लागी उपलब्ध हुने स्रोतको विवरण फागुण मसान्त भित्र र प्रदेश सरकाबाट चैत्र मसान्त भित्र प्राप्त गर्नु पर्ने व्यवस्था छ । तर तोकिएको समयमा प्राप्त हुन सकेको अवस्था भने देखिन्दैन ।

स्थानीय तहको बार्षिक योजनाहरु बिषयगत रुपमा तयार गर्नु पर्ने भएकोले गाउँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास कियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । जस अनुसार योजना तर्जुमामा सबै बिषयगत क्षेत्र अनुसार अलग अलग योजना छनौट गर्नु पर्ने हुन्छ ।

क) आर्थिक विकास : यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग, तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र ।

ख) सामाजिक विकास : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृती प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ

नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक )आदि ।

ग) पूर्वाधार विकास : सडक तथा पुल, (झोलुङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा लघु तथा साना जलविद्युत, सञ्चार क्षेत्र ।

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन : वन तथा भूसंरक्षण,, जलाधार संरक्षण, जलवायू परिवर्तन, फोहोर व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र ।

ङ) सुशासन तथा संस्थागत विकास : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र ।

## २. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण (चरण दुई)

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजश्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको अनुमान गरि स्थानीय राजश्व परामर्श समितिले प्रत्येक वर्षको पौष १५ गते भित्र कार्यपालिकामा पेश गरि सक्ने पर्ने हुन्छ ।

गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रत्येक वर्ष बैशाख १० गते भित्र गरि सक्ने र त्यसरी तयार भएको आगामि आर्थिक वर्षको बजेट सीमा बैशाख १५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा र वडालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा स्थानीय तहको प्राथमिकता क्षेत्रहरुको आधारमा आयोजनाहरुको प्राथमिकीकरणका आधारहरुलाई समेत तय गर्नु पर्दछ । बजेट सीमा निर्धारण गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्दछ ।

- स्थानीय स्तरका गौरवका आयोजनाका लागी आवश्यक रकम
- समपूरक कोष आवश्यक पर्ने आयोजनाका लागि आवश्यक रकम
- सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम
- दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्राष्ट्रिय प्रतिबद्दताको कार्यान्वयन कार्यक्रमका लागि आवश्यक रकम
- स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत स्थानीय तह आफैले गर्नु पर्ने अन्य अत्यावश्यक कार्यहरु
- माथि उल्लेखित रकम विनियोजन गरिसके पछि मात्र बाँकी रकम जनसङ्या, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजश्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता बिषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत बजेट सीमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाहीले बजेट विनियोजन गर्न पाइने छैन ।
- बजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सीमा निर्धारण गर्नु पर्ने छ ।
- स्थानीय तहको कूल बजेट सीमाबाट तलब भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बजेट छुट्याई अन्य कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि बजेट सीमा निर्धाराण गर्दा राजश्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्नेछ ।

### ३. बस्ती तहका योजना छनौट (चरण तेस्रो)

बस्ती तथा टोल स्तरको आयोजनाहरु छनौट गर्दा निम्न प्रक्रियाहरु अबलम्बन गर्नु पर्ने व्यवस्था गरिएको छ ।

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने प्रत्येक सदस्यहरुलाई विभिन्न टोल र वस्तीका योजना तर्जुमा गर्न सहजीकरण गर्ने जिम्मेवारी प्रदान गर्नु पर्दछ ।
- प्रत्येक वडाले वडा भित्रका वस्ती, टोलहरुमा योजना तर्जुमा बैठक हुने दिन, मिति र समय कम्तीमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने ।
- वस्ती/टोल स्तरका योजनारु भेला मार्फत छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी गर्नु पर्दछ ।
- वस्तीस्तरका योजना छनौट गर्दा वस्ती भित्रका सबै वर्ग र समुदाय ( महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ । यसरी छनौट गरिएका आयोजनाहरुको सूची वडा समितिमा पठाउनु पर्दछ ।
- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल वस्ती भित्रका क्रियाशिल सामुदायिक संस्थाहरुलाई समेत सहभागी गराउनु पर्दछ ।

  यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

### ४. वडागत योजना छनैट तथा प्राथमिकीकरण (चरण चौथो)

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्गदर्शनका आधारमा टोल/वस्ती स्तरबाट छनौट भई आएका योजनाहरु बडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउनु पर्ने छ । वडा समितिले आवश्यकता र

औचित्यताको आधारमा छुट भएका योजना बजेटको सीमा भित्र रही समावेश गर्न सक्नेछ भने वडा समितिले आफ्नो बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ । वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ५. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा (चरण पाचौं)

उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा स्थानीय तहमा बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था छ । यस समितिले बजेटको अन्तिम खाका तयार गर्दछ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, बाँडफाँडको खाका र बजेट सीमामा आधारित रहि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्य यस समितिले गर्दछ । वडाबाट प्राप्त आयोजनाहरु, स्थानीय तहको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, क्षेत्रगत नीतिहरु तथा सीमा निर्धारण समितिले स्वीकृत गरेको आयोजना प्राथमिकिकरणको आधार तथा मार्गदर्शन बमोजिम योजनाहरु विषयगत समितिमा छलफल गराई सबै आयोजना तथा कार्यक्रमहरुको विषयगत क्षेत्र निर्धारण गर्नु पर्ने व्यवस्था रहेको छ । बिषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकीकरण र बजेट तर्जुमा गर्नु पर्नेछ ।

- स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- बजेट तथा कार्यक्रम समितिबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र योजना प्राथमिकीकरणका आधारहरु
- बिषयगत समितिबाट प्राथमिकीकरण भै नआएका तर गाउँपालिका/नगरपालिका स्तरका महत्वपूर्ण आयोजनाहरु छनौट गर्नु पर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी त्यस्ता योजना समावेश गर्न सकिनेछ ।

- स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न सम्भव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरुलाई समपुरक अनुदानबाट संचालन गर्नका लागि प्रस्ताव गर्न सकिनेछ ।

  यसरी तयार गरिएको बार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा असार ५ गते भित्र अध्यक्ष/प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । बार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक र विनियोजन विधेयक समेत तोकिएको ढाँचामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

### ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति (चरण छैठौं)

बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान (बार्षिक बजेट) गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नु पर्नेछ ।

### ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति (चरण सातौं)

कार्यपालिकाबाट स्वीकृत भएको बजेट असार १० गते भित्र सभामा उपाध्यक्ष/उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत पेश गरी सक्नु पर्नेछ । यसरी बजेट पेश गर्दा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक बर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय व्ययको अनुमानित विवरण र मध्यमकालीन खर्च संरचना समेतको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ ।

सभामा पेश गरिएको बजेट १५ दिन भित्र छलफलको काम सम्पन्न गर्ने कार्यतालिका बनाउनुपर्नेछ । छलफलको कार्य सम्पन्न भए पछि सभाले बजेट पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ । कार्यपालिकामा फिर्ता आएमा पुनरविचार गरि आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारण सहित ५ दिन भित्र पुनः सभामा पेश गर्नु पर्नेछ । कार्यपालिकाबाट पुनः पेश भएको बजेट तथा कार्यक्रम असार मसान्त भित्र सभाले पारित गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।

**योजना कार्यान्वयन :**

गाउँ वा नगरसभाले पारित गरेको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँ वा नगर कार्यपालिकाका प्रमुख वा अध्यक्षले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ । अख्तियारी प्राप्त भएको १५ दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने व्यवस्था गरेको छ ।

**निष्कर्ष :**

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जन) मा व्यवस्था भए अनुसार ७ चरणका प्रक्रिया पुरा गरि बजेट निर्माण गर्नु पर्ने व्यवस्था छ । विशेष गरि वडा स्तरीय योजना तर्जुमा प्रक्रिया अत्यन्तै महत्वपूर्ण र स्थानीय तहको आयोजना छनौटको आधार स्तम्भ हुने भएकोले यो चरणमा बढी मात्रामा ध्यान दिन सक्नु पर्दछ । बजेट तर्जुमा दिग्दर्शनको अनुसुची ३ र ४ मा व्यवस्था भए अनुसार आयोजना प्राथमिकीकरणको आधारहरु तथा प्राथमिकता निर्धारण फारामको प्रयोग प्रभावकारी रुपमा हुन सकेको छैन । वस्ती र टोलमा व्यापक छलफल गरि प्राथमिकता प्राप्त आयोजनाहरुलाई अंक प्रदान गरि वास्तविक आयोजनाहरुको छनौट नहुँदा फेरी पनि आयोजनाहरुमा सभ्रान्त वर्गको पहुँच नै निर्णायक हुने गरेको तर्फ सचेत रहन सक्नु पर्दछ । त्यस्तै विषयगत समितिहरुको आयोजना तथा कार्यक्रम छनौट प्रकृयामा समेत सरोकारवाला निकायहरुको सहभागीता सुनिश्चित हुन सकेको देखिन्दैन यस तर्फ पनि ध्यान दिन आवश्यक छ विशेष गरि कृषि, शिक्षा, स्वास्थ्य, लक्षित वर्ग समदायको कार्यक्रम तर्जुमा गर्दा सरोकारवाला पक्षहरुको सहभागीता सुनिश्चित हुन सक्नु पर्छ । स्थानीय तहको बजेट तर्जुमा गर्दा अर्को महत्वपूर्ण पक्ष भनेको राजश्व परामर्श समितिको प्रतिवेदन रहेको छ । स्थानीय तहले धेरै कर लगाए भन्ने व्यापक जन गुनासो रहेको सन्दर्भमा प्रत्येक वर्षको सुरुवाती चरण देखि नै राजश्व सम्भाव्यता अध्ययन गरि प्रतिवेदन तयार गर्नु पर्ने देखिन्छ भने बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था भए अनुसार पौष १५ गते भित्र नै कार्यपालिकामा रावश्व अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएता पनि अधिकांश स्थानीय तहमा यस विषयले प्राथमिकता पाउन सकेको छैन हतार हतार अन्तिम समयमा गर्ने प्रचलन देखिएको छ ।

स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक उपाध्यक्ष/उपप्रमुख हुने व्यवस्था छ । अतः प्रत्येक वर्ष बार्षिक बजेटको क्यालेण्डर तयार गरि सोहि अनुसार बजेटका सबै चरणमा घनिभुत छलफल, अन्य स्थानीय तहका अनुकरणीय अभ्यास, सरोकारवाला निकायको सहभागीता सुनिश्चितता गर्दै नागरिकका वास्तविक समस्या, स्थानीय आवश्यकता अनुसार योजना तथा बजेट तर्जुमा गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।






दमक स्थित महिला सुरक्षा गृह अवलोकनका क्रममा दमक नगर उपप्रमुख गीता अधिकारीका साथमा गाउँपालिका अध्यक्ष मेनुका काफले

# स्वदेशमानै स्वरोजगारीको अभ्यास



विदेश वाट फर्किएका झापा कमलका युवा अचेल पशुपालन व्यवसायमा रमाउन थालेका छन् । विदेशमा सिकेको ज्ञान र सिप आफ्नै गाउँघरमा प्रयोग गर्न पाउदा युवामा जोस र जाँगर सँगै खुशि थपिएको छ ।

विदेशमा हुँदा मालिकको  अरन खटनमा काम गर्नु पर्थ्योभने याहाँ आफै मालिक भएर स्वतन्त्र  रुपमा आफ्नो व्यवसाय सन्चालन गर्न पाउदा युवाहरु दङ्ग परेका छन् ।

सानाकिसान सहकारी मार्फत १५ महिना  ईज्रायलमा पशुपालन सम्वन्धि सिप सिकेर फर्किएका विजय गौली र ६ वर्ष दुबईमा गाई फार्ममा काम गरेर फर्किएका सविन चौहान व्यवसायकि पार्टनर हुनुहुन्छ  ।

आफुहरुले विदेशमा पशुपालकोक्षेमा काम गर्ने अवसर प्राप्त भयो । त्याँहा काम गर्दा सिकेको सिप र अनुभवलाई दुबै जनाले आफ्नै गाउँमा केहि गरौ भन्ने अठोठका साथ  अहिले झापाको कमल गाउँपालिका वडा नम्वर ७ मा संयुक्त रुपमा नवोदय कृषि फर्म सन्चालनमा ल्याउनु भएको छ ।  पशुपालनका साथै कृषि तर्फ कागती खेती सुरु गर्नु भएको छ । २ वर्ष अगाडी २० लाख रुपैया बाट सुरुगरेको गाई फर्म अहिले १ करोड  ५० लाख रुपैया भन्दा लगानी भएको छ । फार्ममा अहिले ४० वटा भन्दा बढी माउ गाई छन् । दैनिक एकसय ५०

लिटर भन्दा बढी दुध विक्रि गर्दै आएका उनिहरुले मासिक १ लाख भन्दा वढी आम्दानी गर्नेगरेको  विजय गौली बताउनुहुन्छ ।

पशुपालनका साथै दश कठ्ठा जमिनमा सुन कागती लगाउनु भएको छ । आगामी दिनमा व्यसायकि रुपमा कुखुरा र बंगुर समेत पालन गर्ने योजनामा रहेको  सविन चोहानले जानकारी दिनुभयो ।

त्यसैगरी बैदेशिक रोजगारी अन्तर्गत १२ वर्ष साउदीमा विताएर फर्किएरका चन्द्रप्रकास राईले आफ्नै जमिनमा बंगुर पालन व्यवसाय सन्चालनमा ल्याउनु भएको छ । परिवार बाट १२ वर्ष सम्म विदेशमा बस्दा आफ्नो गाउँनै विरानो भएको थियो अहिले परिवासँग बसेर आफैले व्यसाय सन्चलन गर्न पाँउदा खुशीलागेको  छ । २०७० सालमा १ एउटा उन्नत बंगुर बाट व्यासाय सुरु गरेका राईले गत वर्ष प्रदेश सरकार बाट ४ लाख रुपैया  अनुदान समेत पाउनु भएको छ । सरकार बाट दुईचार लाख अनुदान पाउनु भन्दा व्यवसायी सिप पाए राम्रो हुने राई बताउनुहुन्छ ।

तिन वर्ष साउदी र साडे ३ वर्ष दुवई बसेर आफ्नो गाउँ फर्किका अर्का युवा हुन् पुष्पराज मैनाली दुई वर्ष अगाडी  ९० हजार रुपैयामा नि वाटा गाई बाट सुरगरेको फर्ममा अहिले ३० वटा माउ गाई छन् । विदेशमा हुँदा अर्काको खटनमा चल्नु पर्थ्यो । अहिले स्वतन्त्र रुपमा आफ्नो व्यवसाय सन्चालन गर्न पाउदा गर्भ लागेको छ । गाउँपालिकाले वर्षनी आयोजना कषि मेलामा पुरस्कृत हुन पाउँदा गर्भ लागेको मैनाली बताउनुहुन्छ ।

विदेश बाट फर्किएका युवालाई व्यासाय प्रवर्द्धनकालागी गाउँपालिकाले सहकारी मार्फत ५० हजार देखी २ लाख रुपैया सम्म प्रदान गरेका छ । कोष मार्फत गाई, बाखा, बंगुर तथा माछा पालनका लागी युवालाई विभिन्न कार्यक्रम मार्फत सहयोग गर्नेगरेको कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठ बताउनुहुन्छ

गाउँपालिकाले विदेश बाट फर्किएका युवालाई पशुपालनका निम्ति पछिल्लो समय थुप्रै कार्यक्रम सन्चालनमा ल्याएको छ । पशुपालनमा व्यवसायीक कृषकलाई विभिन्न अनुदान र व्यवसाय प्रवर्द्धन कोष मार्फत सहयोग समेत गरेको छ । गाउँपालिकाको सहयोग पाएपछि पशुपालकमा उत्पादनमा समेत बृद्धि भएको छ । तर कृषकले उत्पादन गरेको बस्तुले बजार नपाउदा कृषक समस्यामा परेका छन् । आगामी दिनमा सम्वन्धित निकायले बजारीकरणमा समेत ध्यानदिन आवश्यक छ । नत्र  स्वदेशमै केहि गरौं भन्ने यि पौरखी युवाहरु आफुले सन्चालन गरेको व्यवसाय छोडेर फेरिपनी विदेशिन बाध्या हुनेछन् ।

०००

# वडा स्तरमा वालमैत्री अभियान




झापाको कमल गाउँपलिका वडा नम्वर २ ले वालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सरोकारवालाहरु विच अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । “कमल गाउँपालिकाको रहर वालमैत्री गाउँ वालमैत्री शहर” भन्ने नाराका साथ अभिमुखिकरण कार्यक्रम गरिएको हो ।

गाउँपालिकाले २०७८ साल फागुन मसान्त सम्ममा कमल गाउँपालिकालाई वालमैत्री गाउँपालिका घोषणा गर्ने तयारी गरि रहेका बेला वडा स्तरमा पनि वालमैत्री अभियान सञ्चालन भएको हो । कमल गाउँपालिकालाई वालमैत्री स्थानीय शासन घोषणा गर्न सवै वडाहरुको क्रियाशिलता आवश्यक रहेको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो । सो क्रममा उहाँले जुन वडाले सबै भन्दा पहिले  आफ्नो वडालाई  वालमैत्री स्थानीय शासन भएको घोषणा गर्छ, त्यसलाई विकास बजेट बाट १० लाख रुपैया सहित पुरस्कृत गरिने बताउनुभयो । यस्तै आगामी दिनमा राज्यको निती निर्माण तह सम्म वालबालिकाको पहुच अभिवृद्धीका लागि वालमैत्री स्थानीय शासन आवश्यक रहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले बताउनु भयो ।

कार्यक्रममा जनप्रतिनिधी, स्थानिय टोल विकास सस्थाका प्रतिनिधी, शिक्षक, महिला स्वस्थ्य  स्वयम सेविका, वालक्लवका प्रतिनिधी, सहकारी, खानेपनी पाटि प्रतिनिधी लगायतको उपस्थिती रहेको थियो । कार्यमामा उपस्थित सहभागीलाई सहजकर्ता सुमन ढकालले सहजीकरण गर्नु भएको थियो ।

# स्वास्थ्य चौकीको मापदण्ड बारे कार्यक्रम

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड बारे कमल गाउँपालिकामा समिक्षात्मक कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल सरकारले तोकेको स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन तथा सुदृढिकरण सम्वन्धि स्वस्थ्य चौकी तोपगाछीको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधी, स्वास्थ्य चौकी व्यास्थापन समिति, कर्मचारी सहितको उपस्थिति रहेकोा थियो ।

स्थानिय तहमा सञ्चालनमा रहेका स्वस्थ्य संस्थाको न्युनतम आधारभूत मापदण्डमा रहेर गुणस्तरीय सेवा प्रभावगर्न चाहिने अति आवश्यकिय पूर्वाधार हुनु पर्नेमा कार्यक्रममा जोड दिईयो । सोक्रममा स्वास्थ्य चौकी सञ्चालनमा आवश्यक पर्ने सम्पूर्ण समानको व्यावस्था गर्न सविंधानले नै एकल अधिकार स्थानिय तहलाई जिम्वेवारी दिएको स्वस्थ्य कार्यलय झपाका कार्यक्रम संयोजक जिवन चम्लागाईले बताउनु भयो ।

यस्तै कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लले आफुहरु निर्वाचित भएर आएपछि स्वास्थ्य चौकीको गुणस्तर सुधारका लागी धेरै काम गरेको बताउनुभयो । नागरिकलाई बढि भन्दा बढि र सरल रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन गाउँपालिका केन्द्रित रहेको उहाँको भनाई थियो ।

यस्तै गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले भौतिक पूर्वाधार निर्माण र विकाससँगै सेवा प्रवाहमा पनि गाउँपालिकाले प्राथमिकता दिएको धारणा राख्नु भएको थियो । कार्यक्रम स्वास्थ्य चौकी तोपगाछीका व्यावस्थापन समिती अध्यक्ष तारानाथ न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

०००



# एक वर्षमा ६ किलोमिटर कालोपत्रे

कमल गाउँपालिकामा  आर्थिक वर्ष २०७७/०७८ मा ६ किलोमिटर भन्दा बढी सडक कालोपत्रे भएको छ ।

गाउँपालिकाका निर्माण भएका सडक अन्तर्गत वडा नम्वर ४ स्थित  चुलाचुली मोड हुदै डाँफे चोक सम्म जाने कृषि सडकमा ३ हजार ३८० मिटर सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ  । यस्तै वडा नम्वर ३ मा साम्रको मिल, बगानेटोल हुँदै क्याम्पा सम्म जाने सडमा १ हजार १ सय मिटर तथा वडा नम्वर ५ स्थित नमुना चोकको सडकमा १ हजार २३० मिटर र बाँकि ७ सय मिटर सडकमा कालोपत्रे गर्ने काम सम्पन्न भएको गाउँपालिकाका ईन्जिनियर सागर यादवले जानकारी दिनुभयो ।

तत्कालिन तोपगाछी र लखनपुर गाउँ विकास समिती मिलेर कमल गाउँपालिका गठन भएको हो । ९७ दशमलव ४४ वर्ग किलो मिटरमा फैलिएको गाउँपालिकामा जनप्रतिनिधी आएपछि मापदण्ड पुगेका सडकलाई कालोपत्रे गर्नेकामलाई प्राथमिकता दिएपछि यति धेरै सडकमा कालोपत्रे गर्नेकाम सम्पन्न भएको कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले जानकारी दिनुभयो ।

गाउँपालिकाको विकासको मुख्य आधार भनेकै सडक सन्जाल हो । जहाँ सडक त्यहाँ विकास  भन्ने योजना अनुसार जनप्रतिनिधी आएपछि सडक निर्माणलाई पहिलो प्राथमिकतामा राखेर काम सुरु गरिएको थियो । त्यसैको फल स्वरुप हाल कमल गाउँपालिकामा कालोपत्रे सडक निर्माण गर्न सफल भएको अध्यक्ष काफ्लेले बताउनु भयो ।

त्यसैगरी गाउँपालिकामा रहेका सडक अन्तर्गत कालोपत्रे वाहेक २० किलोमिटर सडकमा समेत उच्च स्तरियको ग्राभेल गर्ने काम सम्पन्न भएको ईन्जिनियर यादवले बताउनु भयो ।

०००

# कमल ५ को प्रशासनिक भवन उद्घाटन




कमल गाउँपालिका वडा नं. ५ मा निर्माण भएको प्रशासनिक भवनको प्रदेश नं १ का सुशासन तथा योजना सभापति अर्जुन राईले एक कार्यक्रमका बिच उद्घाटन गर्नु भएको छ ।

उहाँलेनै २०७७ साल बैशाख २७ गतेका दिन सो भवनको शिलान्यास गर्नु भएको थियो । स्थानिय चिनबहादुर कार्की र चन्द्रकला कार्कीले निःशुलक उपलब्ध गराउनु भएको १७ धुर जग्गामा सो भवन बनेको हो । भवनका लागि प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम झापा क्षेत्र नं ५ (ख) बाट २५ लाख र कमल गाउँपालिका बाट ५४ लाख रुपैयाँ गरि जम्मा ७९ लाख रुपैयाँ खर्च भएको जनाईएको छ । वडा नम्वर ५ का वडा अध्यक्ष डम्वर बहादुर निरौलाको अध्यक्षतामा भएको कार्यक्रममा  भवन निर्माण समितीका संयोजक बलराम गजुरेलले समयमा भवन निर्माण सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पुर्णलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रम वडा सचिव रिता कार्की (रिजाल) ले सञ्चलालन गर्नु भएको थियो ।

गाउँपालिकाको वडा नम्वर ७ ले यस अघि नै प्रसाशनिक भवन निर्माण गरि नयाँ भवन बाट नागरिकलाई सोवा प्रदन गरिरहेको छ । यस्तै वडा नम्वर ६ ले साविक लखनपुर गाउँ विकास समितीको कार्यालय बाट सेवा प्रवाह गरिरहेको छ । बाँकि वडाले पनि आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा भवन निर्माणको काम सम्पन्न गर्ने गरि तयारी भै रहेको गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले जानकारी दिनुभयो ।

ooo

# विकासमा फड्को मार्दै कमल गाउँपालिका




नेपालको सुदूरपूर्व झापा जिल्लाको मध्यभागमा कमल गाउँपालिका पर्दछ । यस गाउँपालिकाको उत्तरमा ईलाम जिल्लाको चुलाचुली गाउँपालिका दक्षिणमा गौरादह नगरपालिका र गौरिगञ्ज गाउँपालिका, पश्चिममा दमक नगरपालिका, र पूर्वमा शिवसताक्षी नगरपालिका संग सिमाना जोडिएको छ ।

कमल गाउँपालिकाको मुख्य प्रशासनिक भवन साविकको तोपगाछी गाउँविकास समितीको कार्यलय भवनमा रहेको छ । लामो समय जनप्रतिनिधी विहिन रहेको गाउँपालिकामा जनप्रतिनिधी आएपछि विकास निर्माणका साथै जनताको दैनिक जीवनयापनकालागी आवश्यक शिक्षा, स्वस्थ्य, खानेपनी जस्ता विषयमा समेत धेरै परिवर्तन भएको छ ।

वडागत रुपमा समेत सवै क्षेत्रमा विकासका आधारभूत पूर्वाधारहरु निर्माणले तिव्रता पाई रहेका छन् भने त्यसको अनुभूती गाउँपालिकाबासीले पनि गरि रहेका छन् । यस गाउँपालिकाका सात ओटा वडा मध्ये वडा नम्बर १ मा विभिन्न योजनाहरु कार्यान्वयन गरिए । यस्तै नेपाल सरकारको निर्णयमा परेका एकसय पर्यटन गन्तव्य अन्तर्गत कमल गाउँपालिकाको वडा नम्वर १ स्थित बाँसवारीमा अवस्थित वाँसवारी कमल पोखरी होमस्टेकोको निर्माण कार्य धमाधम भै रहेको छ । ३ विघा ५ कठ्ठा क्षेत्रफलमा फैलीएको यस ठाउँमा सामुदायीक भवनको

निर्माण काम अन्तिम अवस्थामा पुगेको भने होमस्टेका लागी आवश्यक भवन समेतको निर्माण कार्य भैरहेको वडाअध्यक्ष केदार कटुवालले बताउनु भएको छ ।

यस्तै वडा नम्वर १ स्थित लाफादी खोलामा निर्माण गरिएको ट्रष्ट ब्रिजले यहाँका स्थानियलाई धेरै फाईदा फुगेको छ । वर्षाका बेला याहाका जनातालाई खोला पार गर्न निकै समस्य थियो यो पुल बने पछि याहाँका स्थानियलाई धेरै फाईदा भएको स्थानियवासीहरुको भनाई छ । यिसँगै अन्य पूर्वाधारहरुको निर्माणले पनि वडाबासीहरुलाई स्थानीय सरकार नागरिकको सवै भन्दा नजिकको सरकारको रुपमा अनुभूती गराएको छ ।

यसैगरि गाउँपालिकाको वडा नम्वर २ ढ्याग्रे खोलामा पक्कि पुल बनाईएको छ । यो पुल निर्माण भएपछि यहाँका स्थानियलाई वर्षैभरी आवत जावतमा सहज भएको छ । त्यसैगरी गाउँपालिकाले पुर्वाधार विकासमा मात्र नभएर शिक्षाको क्षेत्रमा समेत धेरैकाम गरेको छ जस अर्न्तगत वडा नम्वर २ समायगढ स्थित महेन्द्र रत्न माध्यमिक विध्यालयको नयाँ भवन निर्माणका लागी समेत गाउँपालिकाले सहयोग गरेको वडा अध्यक्ष तारानाथ न्यौपाने बताउनुहुन्छ । कृषि क्षेत्रको आधुनिकीकरण, आधारभूत पूर्वाधार निर्माण, सडक ग्राभेल, सामाजिक विकास अन्तर्गतका अन्य योजनाहरुको कार्यान्वयनले पनि वडामा धेरै परिवर्तन ल्याएको छ ।

गाउँपालिकाको वडा नम्वर ३ मा पनि विकास निर्माणका थुप्रै काम भएका छन् । जस अर्न्तगरत साम्राको मिल हुदै बगाटेटोल जाने सडक कालोपत्रे गर्नेका सम्पन्न भएको छ । कमल खोलाको बाढी बाट वर्षेनीहुने क्षति न्युनीकरण गर्नकालागी कमल खोलामा जनताको तटबन्धन कार्यक्रम मार्फत बाँध बाँध्नेकाम सम्पन्न भएको छ । वडा नम्वर तिनको वडा कार्यलय निर्माणको काम समेत धमाधम भएको छ । त्यसैगरी वडाका जनतालाई स्वस्थ्य सेवा सहज रुपमा गरी पुर्‍याउन सकियोस भनेर आधारभुत स्वस्थ्य केन्द्रको भवन समेत निर्माण भैरहेको छ भने वडामा रहेका अतिविपन्न परिवारलाई सुरक्षति आवास कार्यक्रम अन्तरगत फुसको छाना हटाएर टिनको छाना लगाईने काम पनि भएको छ । यि योजनाहरुले वडाबासीहरुलाई गाउँपालिका आफ्नो घरदैलोको सरकारको रुपमा अनुभूती दिलाउन सफल भएको ३ नम्वर वडा अध्यक्ष नरप्रसाद दंगालको अनुभव छ ।

यस्तै कमल गाउँपालिकाको वडानम्वर ४ मा पनि विकास निर्माणले निकै तिव्रता पाएको छ । विकास निर्माणका साथै अन्य गतीविधीमा समेत वडा वासिलाई सहज र सरल रुपमा सेवा दिन आफु लागि गरेको वडा अध्यक्ष प्रेम बहादुर राई बताउनु हुन्छ ।

त्यसो त, पुर्वाधार विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५ नम्वर वडामा प्रशस्तै काम भएका छन् । गाउँपालिकाका गौरवका योजना मध्ये साधुहोली सिमसार तथा पर्यटन विकास क्षेत्रमा ड्याम बाँध्नेका सम्पन्न भएको छ । रतुवा नदि बाट वर्षेनी हुने क्षती न्युनकिरण गर्नका लागी विभिन्न सहयोगी निकाय सगको सहकार्यमा करिव सातसय मिटरमा तटबन्धन गर्ने काम सम्पन्न भएको छ । पाडाजुंगी चोकमा जेष्ठ नागरीक चौतारो निर्माण भएको छ । शिक्षा क्षेत्र अन्तरगत गुह्येश्वरी आधारभुत विध्यालय र मंगलमय माध्यमिक विद्यालयमा भवन निर्माण र तला थप पर्ने काम सम्पन्न भएको वडा अध्यक्ष डम्वर बहादुर निरौला बताउनु हुन्छ ।

समग्र गाउँपालिकालेनै कृषि तथा पशुपालनको विकास र व्यवसायीकतालाई प्राथमिकता दिएको छ । सोहि अनुसार वडा नं. ६ मा पनि भौतिक पूर्वाधारहरुको विकास, सेवा प्रवाहसँग सँगै तरकारी खेती, पशुपालन लगायतका क्षेत्रमा पनि किसानलाई प्रोत्साहित गरि आयआर्जन वृद्धीमा सहयोग गर्दै आएको वडा नं. ६ का वडा अध्यक्ष नरेन्द्रप्रसाद भट्टराईले बताउनुभएको छ ।

जनप्रतिनिधीहरु निर्वाचित भएर आएपछि पुर्वाधार विकासमा पनि धेरै काम भएको छ । विगतमा वर्खालाग्ना साथ आवत जावत बन्द हुने सडक अचेल सवै मौषम र समयमा यातायत चल्न सक्ने भएका छन् । यस्तै पुर्वाधार विकासले मात्र जनताको सबै आवश्यकता नहुने भएकाले शिक्षा, स्वस्थ्य, कृषि, पशुपालनका क्षेत्रमा समेत धेरै काम गरेको कमल गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष पृथ्विपति राई बताउनु हुन्छ । यस वडाले वडा कार्यालय भवन निर्माण गरि सेवा प्रवाहमा महत्वपूर्ण काम गरेको छ भने स्थानीय सरकार मार्फत हुने सम्पूर्ण सेवाहरु पनि सरल रुपमा प्रवाह गर्दै आएको छ ।

**प्राविधिकको नजरमा**

कमल गाउँपालिकामा जनप्रतिनिधीहरुको नेतृत्व शुरु देखिनै अत्वाश्यक क्षेत्रमा भौतिक पूर्वाधारका योजनाहरु कार्यान्वयनमा प्राथमिकता दिईदै आएको छ । गाउँपालिकाबासीको पनि दर्विलो साथ र सहकार्यले अधिकांश योजनाहरु मापदण्ड अनुसार कार्यान्वयन भएको गाउँपालिकाका ईन्जिनियर सागर यादव बताउनु हुन्छ । कमल गाउँपालिका बाट आर्थिक वर्ष २०७७/०७८ मा २ सय १५ वटा योजना सम्झौता भए भने ति मध्ये अधिकांश पूरा भएको गाउँपालिकाका योजना शाखाका अधिकृत रामचन्द्र गजुरेलले जानकारी दिनुभयो ।

गाउँपालिकाकै ठुलो योजना तोपगाछी खानेपानी आयोजनाको काम पनि धमाधम भै रहेको छ ।  यस्तै पर्यटन प्रवर्धनका लागि वडा नं. ५ मा साधुहोली र वडा नं. १ मा कमल पोखरीमा काम भै रहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले बताउनु भयो । यस बाहेक आवश्यकताका आधारमा विभिन्न सडकहरुको स्तरोन्नती, आवश्यक स्थानमा कलभर्ट निर्माण, ग्राभेल, सामुदायीक भवन लगायतका पूर्वाधार निर्माणको क्षेत्रमा पनि काम भएको उहाँले जनाउनु भयो । यस्तै किसानहरुको आयआर्जनमा वृद्धीका लागि प्राविधिक ज्ञान प्रदान, मल-बिउ प्रदान, पशुपालनमा आवश्यक सहयोग लगायतका कार्य पनि गरिदै आएको उहाँको भनाई छ ।

## नेतृत्वको धारणा

कमल गाउँपालिकामा यस आर्थिक वर्षमा मात्र नभई जनप्रतिधिहरु आए देखिनै पूर्वाधार विकासका साथै खानेपानी, शिक्षा, स्वस्थ्यका क्षेत्रमा धेरै काम भएका छन् । सात वटै वडा कार्यलयले आफ्नै भवन बाट नागरीकलाई सेवा प्रभाव गर्नका लागि वडा कार्यलय भवनको निर्माणलाई पनि प्राथमिकता दिईएको र केहि पूरा पनि भई सकेको गाउँपालिकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले बताउनु भएको छ ।

आर्थिक वर्ष ०७७/७८ मा किलोभिटर भन्दा बढी सडक कालोपत्रे भएको छ । कालो पत्रे गरिएका सडकमा साम्राको मिलहुदै बगानेटोल जाने सडक, चुलचुली  डाँफे सडक, नमुना सडक, अमल डाँगी देखी सोलमारी सम्म, केर्खा क्याम्पा  सडकमा कोलोपत्रे गरिएको हो । यस्तै सामुदायीक विद्यालयहरुको पूर्वाधार विकास, शिक्षाको गुणस्तर सुधार, महिला केन्द्रित कार्यक्रमहरु, क्षमता तथा शिप विकास जस्ता कार्यमा पनि प्राथमिकता दिईएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ ।

जनप्रतिनिधी तथा स्थानीय सरकरासँग श्रोत र साधन प्रर्याप्त मात्रामा नभएका कारण जनताका सबै चाहाना पूरा गर्न चुनौती छ । तर श्रोतसाधनहरुको अधिक र समुचित उपयोग मार्फत नागरिकहरुलाई स्थानीय सरकारको अनुभूती दिलाउन कमल गाउँपालिका क्रियाशिल रहेको छ ।

०००

# कृषिको आधुनिकीकरणमा जोड




कमल गाउँपालिकाले विगतका वर्षहरु देखिनै कृषि र पशुपालनको आधुनिकीकरणमा जोड दिँदै आएको छ । बहुसंख्यक गाउँपालिकाबासीको मुख्य पेशा र जीवन निर्वाहको श्रोतनै कृषि भएकाले यसको आधुनिकीकरण र व्यवसायीकरणलाई गाउँपालिकाले प्राथमिकतामा राखेको हो ।

जस अन्तर्गत अर्न्तगत  गाई, कुखुरा, बाख्रा, माछा पालन, च्याउ तथा वेमौसमि तरकारी खेती लगायतका क्षेत्रमा घुम्तिकोष मार्फत ५० हजार देखी २ लाख रुपैयाँ सम्म प्रदान गरेको गाउँपालिकाले जनाएको छ । व्यवसायीक कृषक लाई घुम्तिकोष मार्फत ५० हजार देखी २ लाख रुपैया सम्म प्रदान गरिएको हो । त्यसैगरी अध्यक्ष पकेट कार्यक्रम अन्तर्गत बेमौसमी तरकारी उत्पादन तर्फ समेत कृषकलाई सहयोग गरिएको छ । जस कारण पछिल्लो समय कृषि पेशातर्फ धेरै युवाहरुको आकर्षण बढ्न थालेको  कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्ले बताउहहुन्छ ।

अधिकांश किसान परम्परागत कृषि तथा प्रणालीमा निर्भर रहनु परेको थियो र केहि हदसम्म अझै छ । तर जनप्रतिनिधीको नेतृत्व आए पछि क्रमिक रुपमा आधुनिकीकरण र

व्यवसायीककरण तर्फ उन्मूख भएको छ । परम्परागत शैलीकै कारण कृषि पेशामा अपेक्षित लाभ लिन नसकेको कमल गाउँपालिका वडा नम्वर ३ का कृषक विनोदकुमार कडेँलको भनाई छ । त्यसैगरी वडा नम्वर ६ मा विकास जिमीले जिमि कृषि फर्म सञ्चालनमा ल्याउनु भएको छ । उहाँले ७ लाख रुपैयाको लगानीमा बंगुर फर्म सञ्चालन गर्नु भएको हो भने कुखुरा पालनका लागि पनि खोर निर्माणको अवस्थामा रहेको छ । त्यसैगरी वडा नम्वर ६ मा योगेन्द्र नेपाल वैदेशिक रोजगारी बाट फर्किर ३ वर्ष देखी वाखापलन व्यवसायमा रमाउदै हुन्नुहुन्छ । यसरी धेरै युवा तथा किसानहरु क्रमिक रुपमा कृषिको व्यवसायीकरण तर्फ उन्मूख हुनु भएको छ ।

**अध्यक्ष पकेट कार्यक्रम**



गाउँपालिकले अध्यक्ष पकेट कार्यक्रम सञ्चालनमा ल्याएसँगै कृषि पेशामा लागेका कृषको आकर्षण बढेको छ । कार्यक्रमको नियम अनुसार कम्तिमा पाँच कट्ठा जमिनमा तरकारी लगाउनु पर्ने र जैविक विषादी मात्र प्रयोग गर्नुपर्ने हुन्छ ।

जस अन्तर्गत कृषकले करेला, भिन्डि बोडी, काक्रा लगायतका तरकारी उत्पादन गरी किसानको आयस्तरमा सुधार भएको अध्यक्ष पकेट कृषि कार्यक्रमका अध्यक्ष दामोदार गुराँगाई बताउनुहुन्छ ।

गाउँपालिकामा पहिलो पटक ड्रमसिडर (विउन नराखी ड्रम बाट सिधै धान रोप्ने विधी) प्रविधी बाट वडा नम्वर ६ र ७ मा धान रोपिएको छ । यो नयाँ प्रविधि बाट रोपिएको धान बाट मनग्य आम्दानी हुने कृषकले अपेक्षा गरेका छन् । पुरानो प्रविधी भन्दा नयाँ प्रविधि बाट धान रोपेका कारण पनि कृषक उत्साही भएको ईन्द्रेणी कृषक समुहका अध्यक्ष रमेश निरौला बताउनुहुन्छ ।

यस्तै गाउँपालिकाले च्याउ खेती तर्फ समेत कृषकलाई आवश्यक सहयोग गरेको छ । विगत १० वर्ष देखी च्याउ खेती गर्दै आउनु भएका वडा नम्वर ६ का कृषक प्रेमबहादुर राई

च्याउ खेतीलाई नै मुख्या व्यवषाय बनाएर यसै पेशामा रमाएको बताउनुहुन्छ । यस्तै अन्य धेरै किसानले व्यवसायीक रुपमा च्याउ लगायतका मौषमी तथा बेमौषमी तरकारी खेती गर्दै आउनु भएको छ ।

**विषादी रहित बनाउने अभियान**

कमल गाउँपालिका सिङ्गो गाउँपालिकालाईनै विषदी रहित बनाउने अभियानमा जुटेको छ । यसका लागी माटो परिक्षण ल्याव समेत सञ्चालनमा ल्याईएको छ । ल्याव बाट विरुवालाई आवश्यक पर्ने १४ किसिमका खाद्यतत्व परिक्षण गर्न सकिने र सोहि अनुसार कृषकलाई आवश्यक सल्लाहा सुझाव दिने गरिएको छ । अर्को तर्फ समयमा रसायनिक मल नपाएर कृषकले जुन समस्या भोग्नु परेको छ, त्यसको विकल्पमा किसानलाई आफैले जैविक मल उत्पादन गर्न सक्ने गरि शिप प्रदान पनि भई रहेको छ । यसले गर्दा क्रमिक रुपमा किसानहरु रसायनीक मल र विषादीको साटो जैविक मल तथा विषादी प्रयोग तर्फ (आकर्षित भएको गाउँपालिका कृषि शाखा प्रमुख महेन्द्र बोहोराले जानकारी दिनुभयो ।

**गाउँपालिकाको पृष्ठभूमी**

झापाको कमल गाउँपालिका साविकका तोपगाछी र लखनपुर गाउँविकास समिती मिलेर बनेको हो । कुल ९७ दशमलव ४४ वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यस गाउँपालिकामा ७ वडा रहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कमल गाउँपालिकाको जनसङ्ख्या ४४ हजार ३ सय ६५ रहेको छ । जसमध्ये पुरूष २० हजार २ सय ९६ र महिला २४ हजार ६९ जना रहेका छन् । यति ठुलो क्षेत्रफल र यति धेरै जनसंख्या भएको यस गाउँपालिकाका बासिन्दाको मुख्य पेशा भनेको कृषि र पशुपालननै हो ।

ठुलो जनसंख्या कृषि तथा पशुपालनको क्षेत्रमा आवद्ध भएपनि गाउँपालिकामा उल्लेखनिय प्रगति हुन सकेको थिएन । तर पछिल्लो समय जनप्रतिनिधी आएपछि भने कृषि तथा पशुपालन सम्वन्धि विभिन्न कार्यक्रम सन्चालनमा ल्याएपछि यसले धेरै फड्को मारेको किसानहरुको अनुभव छ ।

ooo

# लोकसेवा तयारी कक्षा सञ्चालन




कमल गाउँपालिकाले लोक सेवा आयोगको तयारी कक्षा सम्पन्न गरेको छ ।

गाउँपालिकाले युवा लक्षित कार्यक्रम अन्तगर्तत साईवर स्पेस ईन्स्टिच्युट (सि.एस.सि.आई ईजुकेशन फाउण्डेसन दमक) को सहकार्यमा ४५ दिनको तयारी कक्षा  सम्पन्न भएको हो ।

गाउँपालिकाले विकास निर्माण मात्र नभई युवाहरुलाई शिप तथा क्षमता विकासमा पनि केन्द्रित भएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ । विद्यालय तह देखिनै शैक्षिक गुणस्तरमा सुधार गर्न समेत गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरि रहेको उहाँको भनाई छ । यस्तै पूर्वाधार विकाससँगै क्षमता विकास, चेतनाा अभिवृद्धी, शिप हस्तान्तरण जस्ता क्षेत्रमा पनि गाउँपालिकाले विभिन्न कार्यक्रम गरि रहेको गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले बताउनु भयो ।

तयारी कक्षाको समापन कार्यक्रममा कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले आफु सरकारि सेवामा प्रवेस गर्दाको अनुभव सुनाउदै तयारी कक्षाका सहभागीहरुलाई निरन्तर अध्ययन्मा जुट्न प्रेरित गर्नु भयो ।

सि.एस.सि.आई ईजुकेशन फाउण्डेसन दमकका सस्थापक प्रिन्सिपल राजु गौतमको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कमल गाउँपालिका महिला तथा वालालिका शाखाका प्रमुख रेनुका गौतमले शुभकामना मन्तव्य राख्नु भएको थियो भने सदस्य माधव खनालले सञ्चालन गर्नु भएको थियो ।

०००

# ढ्याङग्रे खोलामा पक्कि पुल




कमल गाउँपालिका वडा नम्वर २ स्थित ढ्याङग्रे खोलामा पक्कि पुल निर्माणको काम सम्पन्न भए सगै वर्षैभरी यातायात सञ्चालनमा सहज भएको छ ।

गाउँपालिकाको वडा नम्वर २ स्थित क्याम्पा र समायगढ बजारको बिचमा पर्ने ढ्याङग्रे खोलामा पुल नभएका कारण वर्षायाममा क्याम्पा र समायगढ बजार बिच आवतजावत बन्द हुन्थ्यो । पुल निर्माणको काम सम्पन्न भएपछि अव वर्षैभरी आवतजावतमा सहज हुनेभएको वडा नम्वर २ का अध्यक्ष तारानाथ न्यौपाने बताउनुहुन्छ ।

३५ लाख ४३ हजार ६२७ रुपैयाको लागतमा निर्माण सम्पन्न भएको पुल सञ्चालनमा आएपछि कमल गाउँपालिको केखा, क्याम्पा, समायगड, बाँसवारी हुँदै गौरादह सम्म पुग्नकालागी सहज भएको अध्यक्ष न्यौपानेले बताउनु भयो ।

पुल नभएका याहाँ जनतालाई धेरै समस्या थियो । बर्खाको समयमा सामान्य समान खरीद गर्न देखी विरामी भएको बेला औषधी किन्नकालागी समेत धेरै घुमेरमात्र बजार आउनु पर्ने बाध्यता थियो अब पुल निर्माण भए पछि त्यो सबै समस्या हटेको स्थानिय वासी महेन्द्र पौडेल बताउनुहुन्छ ।

०००

# राष्ट्रपति रनिङ शिल्ड सम्पन्न




कमल गाउँपालिकामा सञ्चालित तेह्रौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधीमा वण्डरल्याण्ड अंग्रेजी वोडिङ्ग स्कुल जीतेको छ ।

वण्डरल्याण्डले स्वर्ण १६, रजत २,काँस्य ६ गरी जम्मा २४ पदक जितेर  प्रथम भएको हो । यस्तै प्रतियोगितामा स्वर्ण ४, रजत ८,कास्य ५ गरी जम्मा १७ पदक जितेर शहिद धर्मभक्त माध्यमिक विद्यालयले द्वितिय स्थान ओगटेको छ । त्यसैगरी स्वर्ण ४, रजत १,कास्य ३ गरी जम्मा ८ पदक जितेर  निहारीका अंग्रेजी वोडिङ्ग स्कुल तृतिय भयो ।

रनिङ्ग  शिल्ड प्रतियोगिता अन्तर्गत सम्पन्न ३ हजार मिटरको छात्रा तर्फको दौडमा शहिद धर्मभक्त माध्यमिक विद्यालयकी नम्रता धिताल प्रथम, सरस्वती माविकी शुष्मा राई द्वतिय र महेन्द्र रत्न माविकी  रोमिसा बुढाथोकी तृतिय भएको खेलकुद सचिवालय संयोजक मधुशुधन अधिकारीले जानकारी दिनुभयो ।

त्यसैगरी छात्र तर्फको ३ हजार मिटरको दौडमा नरेन्द्र जनता माविका सिसन राई प्रथम, सरस्वती माविका रविन लिम्वु द्वतिय र वण्डरल्याण्ड अंग्रेजी वोडिङ्ग स्कुलका डम्वर कुमार श्रेष्ठ तृतिय भए ।

छात्र तर्फको भलिवल खेलमा निहारिका अंग्रेजी वोडिङ्ग स्कुल प्रथम, शहिद धर्मभक्त मावि द्वितिय र वण्डरल्याण्ड अंग्रेजी वोडिङ्ग स्कुल तृतिय हुँदा छात्रा तर्फको भलिवल खेलमा लालिमा

आवाशिय मावि प्रथम, पाथिभरा अग्रेजी वोडिङ्ग स्कुल द्वतिय र निहारीका अंग्रेजी वोडिङ्ग स्कुल तृतिय भएको  आयोजकले जनाएको छ ।

छात्र तर्फको कवड्डी खेलमा  वण्डरल्याण्ड अंग्रेजी वोडिङ्ग स्कुल प्रथम, मंगलमय मावि द्वितिय, निहारीका अंग्रेजी वोडिङ्ग स्कुल तृतिय भयो भने  छात्रा तर्फको खेलमा वण्डरल्याण्ड अग्रेजी वोर्डिङ्ग स्कुल प्रथम, कमल मदन आश्रीत स्मृति मावि द्वतिय र मंगलमय मावि तृतिय भएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा सामुदायिक तर्फ १० र सस्थागत तर्फ ६ वटा गरि जम्मा १६ वटा विद्यालय सहभागी रहेका थिए ।




०००

# लाफादीमा झोलुङ्गे पुल




कमल गाउँपालिका वडा नम्वर १ स्थित लाफादी खोलामा झोलुङ्गे पुल निर्माणको काम सम्पन्न भएको छ । वडा नम्वर १ स्थित सरङ्गपाडा बजार र लाफादी गाउँको बिचमा पर्ने लाफादी खोलामा झोलुङ्गे पुल निर्माणको कार्य सम्पन्न भएको हो ।

पुल नभएका कारण समस्या भोग्दै आएका यहाँका स्थानिय लाई पुल निर्माण भएपछि वर्षाका समय खोला तर्न सहज भएको छ ।

पुल नभएका कारण याहाका स्थानिय वासी वर्षाका समयमा खोला तर्न ३ किलोमिटर उत्तर ढ्याङ्ग्रे बजार र ६ किलोमिटर दक्षिण बैगुनधुरा बजार पुग्नु पर्ने हुन्थ्यो ।

लाफादीका स्थानिय वासी सामान किन्न सरङ्गपाडा बजार आउने र फर्किने बेलामा खोलामा बाढी आएका कारण घर फर्किनलाई ३ किलोमिटर उत्तर ढ्याङ्ग्रे बजार र ६ किलोमिटर दक्षिण बैगुनधुरा सम्म घुम्नुपर्ने हुन्थ्यो । पुल निर्माण भए सगै त्यो सबै समस्या हटेको ढ्याङ्ग्रेखोला झोलुङ्गे पुल निर्माण  समितिका अध्यक्ष  पुण्य राया बताउनुहुन्छ ।

पुल नभएका स्थानीयलाई धेरै समस्या थियो । बर्खाको समयमा सामान्य समान खरीद गर्न देखी विरामी भएको बेला औषधी किन्नकालागी समेत धेरै घुमेरमात्र बजार आउनु पर्ने बाध्यता थियो अब पुल निर्माण भए पछि त्यो सबै समस्या  हटेको वडा अध्यक्ष केदार कटुवाल बताउनुहुन्छ ।

# ७१ करोड ५९ लाखको बजेट पारित




कमल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गरिने नीति कार्यक्रम सहित कुल ७१ करोड ५९ लाख ९३ हजार रुपैयाको बजेट पारित

गाउँपालिकाका उपाध्यक्ष वेनुप्रसाद शिकाकोटीले नवौं गाउँसभामा प्रस्तुत गर्नु भएको बजेट अन्तर्गत चालु तथा प्रशासनिक तर्फ ३६ करोड ५३ लाख ९५ हजार रुपैया र पूँजीगत तर्फ ३५ करोड ५ लाख ९८ हजार रुपैयाको बजेट गाउँसभाले पारित गरेको हो ।

पारित गरिएको बजेट अन्तर्गत विकास तर्फ ७ करोड ८९ लाख १० दश हजार,सामाजिक विकास तर्फ ३२ करोड २० लाख १५ हजार पूर्वाधार विकास तर्फ २१ करोड ४७ लाख १८ हजार, वातावरण तथा विपद व्यवस्थापन तर्फ ९१ लाख ५० हजार संस्थागत, सुशासन तथा अन्तर सम्बन्धित ९ करोड १२ लाख रुपैयागरी जम्मा ७१ करोड ५९ लाख ९३

हजार रुपैया रहेको छ । यस्तै गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम नवौं गाउँसभा बाट पारित भएको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

## विद्युत महशुलमा सहयोग गर्ने

कमल गाउँपालिकाले सुख्खा यामको ४ महिनाको (फागुन, चैत, बैशाख र जेठ) कृषकहरुको बिजुली बिलको ५० प्रतिशत गाउँपालिकाले भुक्तानि गरिदिने भएको छ । नवौं गाउँसभा मार्फत किसानलाई यो सुविधा दिने निर्णय भएको हो । यस्तै अन्य केहि महत्वपूर्ण नीतिगत निर्णयहरु यस प्रकार रहेका छन् :

- एक घर एक पशु विमा कार्यक्रम अन्तर्गत किसानलाई ५०% अनुदान गाउँपालिकाले दिने ।
- गाउँपालिका भित्रका ८४५ विपन्न परिवारको स्वास्थ विमा गाउँपलिकाले गरिदिने ।
- गाउँपालिकाका विभिन्न विद्यालयमा पढाइ हुँदै आएको प्राविधिक विषय पढ्ने विद्यार्थीहरुलाई छात्रवृत्ति दिने ।
- गाउँपालिका भित्रका विपन्न सतार मुसहर झागड र मिस्त्रि जातिका १५ उत्कृष्ट विद्यार्थीलाई गाउँपालिकाले निःशुल्क १८ महिने प्राविधिक विषय पढाउने ।
- कोभिड संक्रमित व्यक्तिलाई बाहिरको अस्पताल लगेर उपचार गर्नु परेमा निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाउने, साथै कोभिडका कारण नागरिकको मृत्यु भए परिवारलाई सदगत खर्च बापत २० हजार रुपैया उपलब्ध गराउने ।
- विपन्न परिवार र बस्तीमा मागका आधारमा निःशुल्क खानेपानीको धारा जडान गरि दिने ।
- विपन्न महिलाहरूलाई जिवनयापनको लागि निःशुल्क ३५ वटा ठेला भेन उपलब्ध गराउने ।
- बुबाआमा विहिन बालबालिकालाई गाउँपालिकाले अभिभावकत्व ग्रहण गर्ने ।
- गत वर्ष गाउँपालिकामै स्थापना गरेको माटो परिक्षण ल्यावमा कृषकका खेतको निःशुल्क माटो परिक्षण गर्ने ।
- व्यवसाय प्रवर्धन कोषलाई निरन्तरता दिने ।
- गत साल कोषबाट २१ जना उद्यमी कृषकले १९ लाख  रुपैया लिएकामा त्यसलाई यो वर्ष पनि निरन्तता दिने ।

## उत्कृष्ट कर्मचारी र शिक्षक पुरस्कृत

गाउँपालिकाको नवौं गाउसभाको अवसरमा उत्कृष्ट कर्मचारी र शिक्षकलाई सम्मान गरेको छ ।  उत्कृष्ट कर्मचारी तर्फ  योजना शाखाका अधिकृत रामचन्द्र गजुरेललाई नगद २०

हजार रुपैयाका साथै सम्मान पत्र बाट सम्मानित गरिएको भने कर्मचारी तर्फ तोपगाछी स्वस्थ्य चौकीमा ल्याव असिन्टेनमा कार्यरत गीतता न्यौपाने, सहायक महिला विकास निरिक्षक रेनुका गौतम, वडा नम्वर २ का वडा सचिव देविप्रसाद फुएल, वडा नम्वर ५ का कार्यरत कार्यलय सहयोगी अनतिा ताजपुरीया लाई जनहि १० हजार रुपैया र सम्मान पत्र द्वारा पुरस्कृत गरिएको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसैगरी सामुदायीक विध्यालयका शिक्षक तर्फ महेन्द्र रत्न माध्यमिक विध्यालय कमल २ मा कार्यरत शिक्षक प्रदिप राई, कमला मदन आश्रीत स्मृति माध्यमिक विध्यालय कमल २ मा कार्यरत शिक्षक  पुस्ता राई, र वालविका केन्द्र अन्तर्गत ज्योति आधारभुत विध्यालय कमल ४ मा कार्यरत विमला सापकोटा र मंगलमय माध्यमिक विध्यालय कमल ५मा कार्यरत संचिता राजवंशी लाई जनहि १० हजार रुपैया र सम्मान पत्र द्वारा सम्मान हो ।

सभाले नीति तथा कार्यक्रम र बजेट का साथै बजेट, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधयेक, न्यायिक समिति कार्य विधि संशोधन विधयेक न्यायिक समितिको प्रतिवेदन, समसामयिक महत्वको विषयहरु पास गरेको छ परित गरेको छ ।

यसका साथै सिन्धुपाल्चोकको मेलम्ची र हेलेम्बुमा गएको प्राकृतिक विपदमा परेकाकालागी सहयोगका लागि गाउँपालिका बाट एक एक लाख रुपैया सहयोग गर्ने निर्णय समेत सभाले पारित गरेको छ ।



०००

# व्यवसाय प्रवर्द्धनका लागि घुम्ती कोष




झापाको कमल गाउँपालिकाले व्यवसाय प्रवर्द्धन्का लागि पहिलो पटक घुम्ती कोष सञ्चालन गरेको छ । सो कार्यक्रमको प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गर्नु भएको हो । सो क्रममा उहाँले नेपालमानै उत्पादकत्व वृद्धी गरि क्रमिक रुपमा आयात प्रतिष्थापन गर्दै जानु पर्ने बताउनुभयो ।

कमल गाउँपालिकाले विदेश बाट फर्किएका तथा स्वदेशमै रहेर पनि कृषि उद्यमि बन्न चाहाने ईच्छुक कृषकलाई ५० हजार देखी २ लाख रुपैया सम्म  घुम्ती कोष मार्फत रकम प्रदान गरेको हो ।  यसले गरिवि न्युनिकरणमा सहयोग पुग्नुका साथै कृषकलाई उद्यमि बनाउन सहयोग पुग्ने पनि मन्त्री कार्कीले बताउनुभयो ।

गाउँपालिकामा सुचिकृत भएका सहकारी संस्था मध्ये ७ वटा सहकारीले सिफारिस गरेका २१ जना कृषकलाई पहिलो पटक  घुम्तीकोषको रकम प्रदान गरिएको हो  । रकम नभएका कारण व्यवसाय सञ्चालन गर्न नसकेका कृषकलाई  घुम्ती कोषको रकमले सहयोग पुग्ने कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो ।

गाउँपालिकाले पहिलो पटक सन्चालनमा ल्याएको व्यवसाय प्रवर्द्धन घुम्ती कोष  उद्येश्य अनुरुप सञ्चालन भएमा कोषले वास्तविक कृषकलाई ठुलो फाईदा पुग्ने अपेक्षा गरिएको छ ।

०००




१/२ गाउँपालिका कर्मचारीहरु साथमा गाउँपालिका अध्यक्ष मेनुका काफ्ले (३)

१




२



३


१ नवौं गाउँसभाको प्रतिवेदन प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष, २ राष्ट्रपति शिल्डको प्रमाणपत्र वितरण गर्दै प्रदेश सांसद अर्जुन राई, ३ गाउँसभामा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरु



# कोरोना भाइरस रोग (कोभिड-१९)

हाल विश्वभरी फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड १९ को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ। कोरोना भाइरस श्वाश प्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने



खोकी लाग्ने



श्वाश फेर्न गाह्रो हुने

**यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने । यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



कोरोना प्रभावित देशबाट आएका व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।